www.shahidlakhanmun.gov.np
sahidlakhanrm@gmail.com

# शहिद लखन गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
घैरुङ्ग, गोरखा

गण्डकी प्रदेश, नेपाल

प.सं. २०७६/०७७
च.नं. १०४९

मिति:२०७७।०२।२६

विषयः बजेट सिलिङ्ग तथा योजना/कार्यक्रम छनौट मापदण्ड सम्बन्धमा।

श्री वडा कार्यालय सबै,
शहिद लखन गाउँपालिका।

प्रस्तुत विषयमा यस गाउँपालिकाको आगामि आ.व. २०७७।०७८ को बजेट तथा कार्यक्रम सम्बन्धमा मिति २०७७।०२।२५ गतेको गाउँ कार्यपालिकाको बैठकको निर्णय बमोजिम वडा नं. १, ६ र ९ का लागि रु. ६५ लाख र वडा नं. २, ३, ४, ५, ७ र ८ का लागि ५० लाख सिमा तोकिएकाले वडाका अध्यक्ष/सदस्यहरुको संयोजकत्वमा वडालाई आवश्यकता अनुसार टोलवस्तीमा विभाजन गरी वस्ती स्तरबाट योजना कार्यक्रम माग तथा आवश्यकताको विवरण संकलन गरी वडाका सरोकारवाला सबै पक्षहरुसँग छलफल तथा परामर्श गरी संलग्न मापदण्ड अनुसार योजना तथा कार्यक्रमको प्राथमिकिरण गरी मिति २०७७।०३।०१ सम्ममा यस कार्यालयमा सिफारीस गरी पठाउनु हुन अनुरोध छ। साथै वस्ती/टोल भेला गर्दा नोबेल कोरोना भाईरस(कोभिड-१९) को रोकथाम तथा नियन्त्रण सम्बन्धी स्वास्थ्य सुरक्षाका उपायहरु अवलम्बन गर्नुहुन अनुरोध छ।

२०७७।०२।२६

जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

# शहिद लखन गाउँपालिका
## गाउँ कार्यापलिकाको कार्यालय
### घैरुङ्ग, गोरखा

**आ.व. २०७७।०७८को लागि योजना तथा कार्यक्रमहरुको छनौटका आधारहरु (मार्गदर्शन)**

१. कोरोना भाइरस रोकथाम तथा उपचार कार्यलाई प्रभावकारी बनाउन बजेट विनियोजनमा उच्च प्राथमिकता दिनुपर्नेछ।

२. हरेक वडा भित्र संचालन हुने गरी दैनिक ज्यालादारी र विपन्न आय भएका कामदार मार्फत् संचालन गरिने कम्तिमा ५ लाखको १/१ वटा योजना छनौट गर्नु पर्नेछ।

३. प्रत्येक वडा भित्र खानेपानी व्यवस्थालाई प्राथमिकता प्रदान गरी मूल तथा सतहको पानी मार्फत् स-साना खानेपानी आयोजना र १ घर १ धाराको नीति अनुरुप कम्तीमा ३ लाख भन्दा माथिका २ वटा योजना छनौट गर्नु पर्नेछ।

४. पुरातात्विक, ऐतिहासिक महत्वका बाहेक नयाँ मठ मन्दिर लगायतका धार्मिक संरचना निर्माणका लागि योजना छनौट गरिने छैन।

५. नयाँ सडकको लागि ट्र्याक खोल्ने योजनालाई प्राथमिकता दिइने छैन।

६. टोल स्तरको सामुदायिक भवन र खेल मैदान निर्माणका लागि आ.व. ०७४।०७५ देखि आ.व. ०७८।०७९ सम्म ५ लाख भन्दा बढी रकम विनियोजन गरिने छैन।

७. कृषि र पशु पालन तर्फ स्वरोजगार सिर्जना गर्ने प्रकृतिका योजना तथा कार्यक्रम छनौट गर्नुपर्नेछ।

८. स्वास्थ्य, कृषि, पशु र शिक्षा क्षेत्रलाई प्राथमिकता हुनुपर्नेछ।

९. कोरोना भाईरसको सन्त्रासको बीचमा कार्यालय संचालन तथा सेवा प्रवाह र विद्यालय संरचनामा जोखिम न्यूनीकरण गर्न आवश्यक व्यवस्थापनका लागि बजेट विनियोजन प्रस्ताव गरिएको हुनुपर्नेछ।

१०. प्रत्येक वडामा १/१ वटा कृषि तथा पशु उपज संकल केन्द्र निर्माण गर्न आवश्यक बजेटको व्यवस्था गर्नु पर्नेछ।

११. विगतमा कम्तीमा २ वर्ष देखि बाँझो रहेको जमिनमा यस बर्षदेखि खेती गरी उत्पादन गर्नलाई प्रोत्साहन गर्ने नीति अनुरुप बजेट/योजना प्रस्ताव गर्नुपर्नेछ।

१२. प्रत्येक वडाको कम्तीमा १ वटा नमुना योजनको लागि विशेष रकम विनियोजन गर्नुपर्नेछ।

१३. सार्वजनिक निर्माण तर्फ २ लाख भन्दा माथिका योजना मात्र छनौट गर्नुपर्नेछ।

१४. तालिम, गोष्ठी, सेमिनार, भ्रमण जस्ता कार्यक्रमका लागि बजेट विनियोजन नगर्ने नीति अनुरुप बजेट प्रस्ताव गर्नुपर्नेछ।

१५. टोल भेला गरी स्थानीयहरुबाट माग तथा आवश्यकतालाई मध्य नजर गरी राजनितिक दल, टोल विकास संस्था लगायतका सबै सरोकारवाला पक्षहरुसँग छलफल तथा परामर्श गरी वडाबाट योजना तथा कार्यक्रमको प्राथमिकीकरण गरी गाउँपालिकामा पेश गर्नुपर्नेछ।

शहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घैरुङ, गोरखा
२०७३

प्रमुख प्रशासकीय अधिकृत

१६. लालपूर्जा भएका ठाउँमा मात्र सामुदायिक भवनका लागि रकम विनियोजन गर्नुपर्नेछ।

१७. अधुरा योजनालाई सम्पन्न गर्न प्राथमिकता दिनुपर्नेछ।

१८. प्रस्तावित कुल बजेटलाई विषय क्षेत्र एवं उपक्षेत्र अनुसार प्रतिशत निर्धारण गरी योजना/कार्यक्रम छनौट गरिनेछ।

## विषयगत क्षेत्रगत रुपमा योजनाहरु छुट्याउनेः-

१. **आर्थिक विकासः** कृषि, पर्यटन, उद्योग वाणिज्य, सहकारी वित्तीय जस्ता क्षेत्र समावेश गर्ने।

२. **सामाजिक विकासः** शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्धन, लैङ्गिक समानता तथा सामाजिक सामावेशिकरण(महिला बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी, जनजाति, अल्पसंख्यक आदि) जस्ता क्षेत्र समावेश गर्ने।

३. **पूर्वाधार विकासः** सडक तथा पुल, सिंचाई, भवन तथा सहकारी विकास, उर्जा, लघु तथा साना जलविद्युत, संचार जस्ता क्षेत्र समावेस गर्ने।

४. **वन, वातावरण तथा विपद् व्यवस्थापनः** वन तथा भू-संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन, वारुण यन्त्र संचालन जस्ता क्षेत्र समावेश गर्ने।

५. **सुशासन तथा संस्थागत विकासः** मानव संसाधन विकास, संस्थागत क्षमता विकास, राजश्व परिचालन, वित्तीय व्यवस्थापन, वित्तिय जोखिम न्यूनीकरण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, आन्तरीक र अन्तिम लेखापरिक्षण, बेरुजु फछ्र्यौट, सेवा प्रवाहका मापडण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग, नागरिक सन्तुष्टी सर्वेक्षण र अन्तर निकाय समन्वय जस्ता क्षेत्र समावेश गर्ने।

## वस्ती तहको योजना छनौट गर्दा निम्नानुसार गर्नु पर्दछः-

१. वडा समितिले आफ्नो वडामा प्रतिनिधित्व गर्ने सदस्यहरुलाई विभिन्न बस्ती/टोलको योजना तर्जुमा गर्न सहजिकरण गर्ने गरी जिम्मेवारी प्रदान गर्नुपर्दछ।

२. प्रत्येक वडा भित्रका वस्तीहरुमा योजना तर्जुमाको लागि बैठक हुने मिति र समय कम्तीमा २ दिन अगावै सार्वजनिक सूचना मार्फत् जानकारी गराउनु पर्नेछ।

३. वस्ती तहका योजना छनौट गर्दा सो वस्ती भित्र सबै वर्ग र समुदाय (महिला, दलित, जनजाति, मुस्लिम, उत्पिडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, पिछडिएको वर्ग आदि) को प्रतिनिधित्व सुनिश्चित गर्नु पर्नेछ।

४. टोल/वस्तीमा हुने योजना तर्जुमा प्रकृयामा टोल/वस्ती भित्रका क्रियाशील सामुदायिक संस्थाहरुटोल विकास संस्था, आमा समुह, बाल क्लब/संजाल, युवा क्लब, नागरिक सचेतना केन्द्र, विभिन्न सरकारी कार्यालयबाट गठन भएका समूह जस्ता समूहहरु) लाई सहभागी गराउनु पर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत